☎ ०३१-५४००५४

# खडक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०८२/०८३

च.नः १४३

मितिः २०८२/०४/२९

विषयः स्पष्टिकरण पेश गर्ने बारे ।

श्री विनय कुमार सोनु ज्यू (प्रमुख प्रशासकीय अधिकृत) ,
खडक नगरकार्यपालिकाको कार्यालय,
कल्याणपुर,ससरी ।

प्रस्तुत विषयमा मधेश प्रदेश स्वास्थ्य विज्ञान प्रयोगशालाको निर्देशनानुसार स्वास्थ्य विज्ञान प्रयोगशालाबाट प्रदान गरिएको ल्याव उपकरणं प्रयोगबाट प्राप्त हुने राजश्व रकम Online Billing गरी खडक न.पा. को राजश्व खातामा जम्मा भैरहेकोमा मिति २०८२/०४/०१ देखि Offline Billing बाट काम संचालन गरिएको व्यहोरा जानकारी हुन आएको हुँदा त्यो प्राथमिक स्वास्थ्य केन्द्रको राजस्व कहाँ कुन खातामा कति रकम जम्मा गरिएको हो भन्ने जानकारी तपाईलाई दिएको छ वा छैन ? जानकारी भएपछि कार्यवाही प्रक्रिया किन अगाडी बढाउनु भएन ? कि तपाईको मिलोमतोमा त्यो सरकारी राजस्व रकम जम्मा नगराई तपाईले हिनामिना गर्नुभएको हो ? २४ (चौबीस) घण्टा भित्र स्पष्टिकरण पेश गर्नु हुन जानकारीका लागि अनुरोध गरिन्छ ।

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरवार,काठमाडौं -जानकारीको लागि अनुरोध छ ।
श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं -जानकारीको लागि अनुरोध छ ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौ -जानकारीको लागि अनुरोध छ ।
श्री जन स्वास्थ्य प्रयोगशाला जनकपुरधाम,मधेश प्रदेश -जानकारीको लागि अनुरोध छ ।
श्री गृह मन्त्रालय,सिंहदरवार,काठमाडौं -जानकारीको लागि अनुरोध छ ।
श्री गृह संचार तथा कानून मन्त्रालय,जनकपुरधाम,मधेश प्रदेश -जानकारीको लागि अनुरोध छ ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय,जनकपुरधाम,मधेश प्रदेश -जानकारीको लागि अनुरोध छ ।
श्री जिल्ला प्रशासन कार्यालय,राजविराज,ससरी -जानकारीको लागि अनुरोध छ ।
श्री सूचना प्रविधि शाखा नगरपालिकाको फेसबुक पेज, ओईभसाईट र सम्पूर्ण ठाँउमा पत्राचार गर्ने ।

२०८२/०४/२९

..................
(जय प्रकाश चौधरी)
नगर प्रमुख

जय प्रकाश चौधरी
नगर प्रमुख

☎ ०३१-५४००५४

# खडक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी
मधेश प्रदेश,नेपाल

पत्र संख्या : २०८२/०८३

च.नः १२९

मितिः २०८२/०४/२७

विषयः स्पष्टिकरण पेश गर्ने बारे ।

श्री प्राथमिक स्वास्थ्य केन्द्र ,
कल्याणपुर,ससरी ।

प्रस्तुत विषयमा मिति २०८२/०४/०४ को निवेदक सोनिया थारू (का.स) ले दिएको निवेदनको जानकारी अनुसार मधेश प्रदेश स्वास्थ्य विज्ञान प्रयोगशालाको निर्देशनानुसार स्वास्थ्य विज्ञान प्रयोगशालाबाट प्रदान गरिएको ल्याव उपकरण प्रयोगबाट प्राप्त हने राजश्व रकम Online Billing गरी खडक न.पा. को राजश्व खातामा जम्मा भैरहेकोमा मिति २०८२/०४/०१ देखि Offline Billing बाट काम संचालन गरिएको व्यहोरा जानकारी हुन आएको हुँदा के कति कारणले राजश्व जस्तो संवेदनशिल विषयमा कुन ऐनको कुन दफाले दिएको अधिकार प्रयोग गरी Online Billing बन्द गराईएको र वर्तमान परिप्रेक्ष्यमा सदासर्वथा अवैधानिक मानिने Offline Billing बाट राजश्व उठाई कहाँ कुन खातामा कति रकम जम्मा गरिएको हो ? ३ (तीन) दिन भित्र स्पष्टिकरण पेश गर्नु हुन जानकारीका लागि अनुरोध गरिन्छ ।

बोधार्थः

श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं -जानकारीको लागि अनुरोध छ ।
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल, काठमाण्डौ -जानकारीको लागि अनुरोध छ ।
श्री जन स्वास्थ्य प्रयोगशाला जनकपुरधाम,मधेश प्रदेश -जानकारीको लागि अनुरोध छ ।

.........................
(जय प्रकाश चौधरी)
नगर प्रमुख

जय प्रकाश चौधरी
नगर प्रमुख